https://doi.org/10.3126/dristikon.v13i1.56102

# संस्कृत व्याकरण शिक्षणका अधुनातन विधिहरू

भवानीशङ्कर भट्टराई, विद्यावारिधि

सहप्राध्यापक

व्याकरणविभाग

नेपाल संस्कृत विश्वविद्यालय पिण्डेश्वर विद्यापीठ, धरान

dikshitbhattarai072@gmail.com

## लेखसार

संस्कृत व्याकरणमा मूलतः रूपसिद्धि, व्याकरण दर्शन र समालोचना गरी तीन प्रकृतिका पाठ्यसामग्री पाइन्छन् । तिनीहरूलाई मुख्यतः आगमन-निगमन, प्रदर्शन, व्याख्याविश्लेषण तथा प्रश्नोत्तर विधिबाट बुझाउन सहज हुन्छ । यसमा परम्पराप्राप्त निगमन, प्रवचन, सूत्र, पारायण लगायतका विधिहरू सहायक हुने छन् । संस्कृत व्याकरणको प्रक्रिया शिक्षणार्थ मुख्यतः आगमन-निगमन र प्रश्नोत्तर विधि उपयोगी हुने देखिएका छन् । निगमनको उल्टो आगमन विधि रूपसिद्धि प्रक्रियाका लागि उपयोगी सिद्ध हुँदै आएको पनि छ । त्यसबाट शिक्षण गर्दा रहने केही कसरमसर निगमनबाट सफा गर्न सकिने भएकाले आगमन-निगमनको मिश्रण सिकारुका लागि अपेक्षाकृत बढी लाभदायी हुने छ । यद्यपि यो बहुशः शिक्षकबाट उपेक्ष्य छ । संस्कृत व्याकरणको दार्शनिक ग्रन्थ र समालोचना व्याख्याविश्लेषण, प्रश्नोत्तर र छलफल विधिबाट शिक्षण गर्न सकिने भएकाले त्यसमा उक्त विधि प्रयोग गर्नु राम्रो हुनेछ । अतः संस्कृत व्याकरणका ती सामग्री उपर्युक्त विधिबाट पढाउन सिफारिस गर्नु यस लेखको सार हो । प्रस्तुत लेख तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयले २०५५-०५७ सालमा निर्माण गरेको शास्त्री र आचार्य तहको पाठ्यक्रम तथा हालको नेपाल संस्कृत विश्वविद्यालयले २०७८-०७९ सालमा निर्माण गरेको शास्त्री प्रथम र द्वितीय वर्षको पाठ्यक्रममा अपूर्णतः निर्धारित शिक्षणविधि पूर्ण बनाउनमा केन्द्रित छ । २०७८ सालपछि परिष्कृत र परिवर्द्धित वर्तमान पाठ्यक्रममा पनि अपेक्षित आधारभूत अङ्ग अपूर्ण छन्, पूरा गरिएका अङ्ग पनि आधारभूत मानकभन्दा धेरै तल रहेको निष्कर्ष यस लेखले निकालेको छ । अतः भविष्यमा त्यस्ता अङ्गहरूको अक्षरशः परिपूर्ति होस् भन्ने राय यसले प्रस्तुत गरेको छ । यस अध्ययनमा पुस्तकालयीय द्वितीयक सामग्री र यु ट्युबका सामग्री प्रयोग गरिएका छन् । संस्कृत व्याकरण अध्यापनका विधिहरूमात्र प्रस्तुत गरी भविष्यका लागि सम्भावित विधिको सिफरिस गर्नु यस लेखको सीमा रहेको छ ।

*शब्दकुञ्जी :* अव्याकृत विधि, द्वितीयक सामग्री, पारायणविधि, प्रवचनविधि, बहुश्रमसाध्य

## विषयपरिचय

संस्कृत व्याकरण शिक्षणका सन्दर्भमा प्राचीनकालदेखि हालसम्म अनेकौं विधिहरू व्यावहारिक रूपमा प्रयोग हुँदै आएका भए पनि ती कार्यमूलक, विद्यार्थीकेन्द्रित, सम्प्रेषणीय र प्रयोगात्मक हुन सकेका देखिँदैनन् । संस्कृत शिक्षण मूलतः भाषाव्याकरण, कला, दर्शन, ज्योतिष आदि विषय र ग्रन्थमा केन्द्रित भएको हुँदा त्यस्ता विषय केन्द्रित अध्यापन क्रियाकलापले शिक्षणीय विधि, प्रविधि, कार्यकलाप आदिलाई त्यति ध्यान दिएको देखिँदैन । तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयद्वारा २०५७ सालमा परिमार्जित तीनबर्से शास्त्री तहको व्याकरण विषयको पाठ्यक्रममा (जसमा फरक फरक प्रकृतिका रूपसिद्धि, सिद्धान्त र समालोचना गरी ६ पत्र निर्धारित थिए) शिक्षण विधि निर्देश गरिँदा सैद्धान्तिक खण्ड, समालोचना खण्ड एवम् रूपसिद्धिखण्डमा तत्तत् विधिबाट पढाउन विधिनिर्देश

नगरी गोलमटोलमा- "आगमननिगमनाद्या विधयः यथाविषयमवलम्बनीयाः" (आगमन निगमन आदि विधिहरू विषवस्तु अनुसार प्रयोग गर्नू, शास्त्रीस्तरीय पाठ्यक्रम, २०५७ : ३४) भनेर विधिनिर्देशलाई स्वतन्त्र छाडिएको देखिन्छ। त्यस पाठ्यक्रममा निर्दिष्ट फरक फरक प्रकृतिका पाठ्यवस्तु भिन्न भिन्न विधिबाट पढाउन निर्देश नगरी स्वविवेकको प्रयोग गर भन्नुलाई निश्चय पनि समस्या मान्नुपर्दछ। त्यस्तै २०५५ सालमा म.सं.वि.बाट निर्मित आचार्य तहको व्याकरण विषयको पाठ्यक्रमले पाठ्यवस्तुको निर्धारण पछि लगत्तै पाठ्यग्रन्थ र मूल्याङ्कन योजनाको उल्लेख गरी शिक्षण क्रियाकलाप र विधिनिर्देशलाई पूर्णतः उपेक्षा गरेको छ। (आचार्यप्रथमखण्डस्य पाठ्यक्रम, २०५५ : ४५)। त्यस्तै आचार्य द्वितीय वर्षको पाठ्यक्रमले पनि विधिनिर्देशलाई त्यसरी नै उपेक्षा गरेको देखिन्छ। वि.सं. २०५७ को शास्त्री तहको पाठ्यक्रमलाई २०७८ सालमा शास्त्री प्रथम वर्षमा र २०७९ सालमा शास्त्री दोस्रो वर्षमा नयाँ ढङ्गबाट पुनः संरचित गरी आधुनिक तथा प्रविधिमुखी बनाउन खोजिएको छ। त्यहाँ पुस्तकलाई नै पाठ्यक्रम मान्ने पुरातन विधिलाई परिमार्जन गरी विषयवस्तुप्रधान बनाउन त खोजिएको छ तर पनि स्पष्टसँग शिक्षण विधिको किटान गरिएको छैन। शास्त्री प्रथम खण्डको नव्यव्याकरण विषयको *तिङन्तप्रक्रिया* एवम् *कृदन्त तथा स्वरवैदिक प्रक्रिया* शीर्षकका २०० पूर्णाङ्कका २ पत्र (जो प्रक्रियाप्रधान छन्) मा- जुन विधिबाट पढाउन मन लाग्छ त्यही विधिबाट पढाऊ भनेर पुरानै विधिवाक्यलाई घुमाउरो पारामा समर्थन गरिएको छ, यसरी- "संस्कृतशिक्षणे बहुप्रचलिता निगमागमव्याख्यानप्रवचनप्रश्नोत्तरात्मका विधय एव आवश्यकतानुसारं यथायथं प्रयोक्तव्याः ... " (शास्त्रीस्तरीय पाठ्यक्रम, २०७८ : ९६) साथै त्यही वर्षको दोस्रो पत्र कृदन्तखण्डको शिक्षणक्रियाकलाप एवम् विधिनिर्देश खण्डमा पनि उही वाक्य दोहोऱ्याइएको छ (ऐजन, पृ.१०५)। त्यस्तै २०७९ सालमा नेपाल संस्कृत विश्वविद्यालयद्वारा निर्मित शास्त्री दोस्रो वर्षका नव्यव्याकरण विषयका दुई पत्र- नागेशाभिमतवृत्त्यर्थादिकम् (जो संस्कृत व्याकरणका सैद्धान्तिक विषयको व्याख्या विश्लेषणमा आधारित छ, शास्त्रीस्तरीय पाठ्यक्रम, २०७९ : ५) र पातञ्जल सिद्धान्तः नैयायिकाभिमतप्रमाणानि च (पृ.४) मा पनि उही विधिनिर्देश वाक्यलाई दोहोऱ्याइएको देखिन्छ। यसरी प्रक्रियाशिक्षण, सिद्धान्त शिक्षण तथा पाणिनीय सूत्रहरूको समालोचना शिक्षणमा फरक फरक विधिको उल्लेख गरिनु पर्नेमा जुन उपयुक्त लाग्छ त्यही विधिको प्रयोग गर भनिएकाले विधिनिर्देशबारे पाठ्यक्रम निर्माण समिति नै स्पष्ट छैन, यो विषय आजसम्म पनि समस्याग्रस्त नै छ भन्ने स्पष्ट हुन्छ।

उता त्रि.वि. शिक्षाशास्त्र संकाय बी.एड.चौथो वर्षको अनुसन्धान विधि (नेपा.शि.४४५, जो २०७५ सालमा तयार गरिएको पाठ्यक्रम हो) ले पाठ्यक्रमको शिक्षण प्रविधि शीर्षकमा साधारण शिक्षण प्रविधि र विशिष्ट शिक्षण प्रविधि भनी दुई प्रकारका विधि, प्रविधिको उल्लेख गरेर विशिष्ट शिक्षण प्रविधिमा प्रत्येक एकाइका लागि शिक्षण विधि एवम् कार्यकलापको स्पष्ट निर्देश गरेको छ (चारबर्से बी.एड. पाठ्यक्रम-२०७५, शीर्षक-४)। यसरी नै अन्य पाठ्यक्रमहरूमा पनि शिक्षण विधिबारे स्पष्ट उल्लेख गरिएको पाइन्छ। यस किसिमले अरू विश्वविद्यालयहरूले पाठ्यक्रमलाई अद्यावधिक गर्ने सन्दर्भमा शिक्षणविधि र कार्यकलापलाई पनि व्यावहारिक, प्रयोगयोग्य र वस्तुगत बनाइ रहेका सन्दर्भमा ने.सं.वि.ले भने यी पक्षलाई सम्बोधन गर्न नसक्नु पाठ्यक्रमका अपूर्णता मान्न सकिन्छ। यो विषय अध्ययनीय, यस अघि नउठाइएको र शोध्यसमेत रहेकाले ने.सं.वि.मा शास्त्री तथा आचार्य तहमा निर्धारित संस्कृत व्याकरण विषयका पाठ्यक्रमका लागि के कस्ता शिक्षण विधि उपयुक्त हुनेछन् भनी यस लेखमा स्थूल रूपमा चर्चा गरिएको छ। साथै व्याकरण शिक्षणमा प्राचीन कालमा के कस्ता विधिहरू प्रचलित थिए ? व्याकरण शिक्षणका सम्भावित अधुनातन विधिहरू के के हुन सक्छन् ? संस्कृत व्याकरणका लागि यस्ता अधुनातन विधिमध्येबाट कुन कुन विधि प्रस्ताव गर्न सकिन्छ ? लगायतका विषयमा समेत प्रस्तुत लघुलेखमा सङ्क्षिप्त व्याख्यान गरिएको छ।

**समस्या कथन**

प्रस्तुत अनुसन्धान निम्न शोधसमस्यामा केन्द्रित हुनेछ-

क) संस्कृत व्याकरण शिक्षणमा के कस्ता विधिहरू प्रचलनमा छन् ?

क) संस्कृत व्याकरण शिक्षणका अधुनातन विधिहरू के के हुन सक्छन् ?

**उद्देश्य कथन**

प्रस्तुत अनुसन्धान निम्न शोध उद्देश्यमा आधारित हुनेछ -

क) संस्कृत व्याकरण शिक्षणका प्रचलित विधिहरू निरूपण गर्नमा,

क) संस्कृत व्याकरण शिक्षणका अधुनातन विधिहरू प्रस्ताव गर्नमा ।

**औचित्य र महत्त्व**

नेपाल संस्कृत विश्वविद्यालय अहिले शास्त्री र आचार्य तहका विभिन्न विषयका पाठ्यक्रम बनाउँदै र कतिपय पुराना पाठ्यक्रमलाई परिष्कार-परिवर्धन गर्दै छ । अघिल्लो पटक निर्मित पाठ्यक्रमलाई पछिल्लो पटक परिष्कार गरिँदा पाठ्यक्रमका अङ्गहरू ले मागेका कुरा पूरा गरी परिष्कार-परिवर्धन गर्नु पर्नेमा त्यसो हुन सकेको देखिँदैन । अतः पाठ्यक्रमका लाभग्राही विद्यार्थीवर्ग, त्यसको उपयोग गरी पढाउने शिक्षक र स्वयम् पाठ्यक्रम निर्माण समूहलाई पनि सचेत गराउन आवश्यक छ । साथै आजको युगमा संस्कृत व्याकरण पढाउने शैली, पद्धति र प्रविधि कस्तो हुनु पर्ने भन्ने कुराको दिशानिर्देश गर्न पनि आवश्यक भएकाले ती प्रयोजन पूरा गर्न यो शोधलेख तयार गरिएको हो । ने.सं.वि. ले अहिले शास्त्री तहको पाठ्यक्रम बनाउँदै गरेको हुँनाले उक्त निर्माण समिति र अन्य सम्बद्ध पक्षलाई सुझाव दिने सन्दर्भमा यो लेख सान्दर्भिक देखिन्छ ।

**सैद्धान्तिक पर्याधार**

नवनिर्मित र परिष्कृत पाठ्यक्रममा पाठ्यक्रमका अङ्गहरू उपयोग भएका छन्/छैनन् भनेर जाँच्ने वा परीक्षण गर्ने आधार भनेको पाठ्यक्रम निर्माणको सिद्धान्त हो । यस लेखले पाठ्यक्रम निर्माणका आधार मानिएका भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण विधिका नेपालमा प्रचलित सिद्धान्त र मापदण्डलाई मुख्य सैद्धान्तिक पर्याधार मानेको छ । त्रिभुवन विश्वविद्यालयले शिक्षाशास्त्र संकायतर्फ स्नातक तहको भाषा पाठ्यक्रम निर्माण, भाषा पाठ्यपुस्तक लेखन र अध्यापनमा प्रयोग गरिरहेको सैद्धान्तिक मापदण्डलाई यहाँ सैद्धान्तिक आधार भनिएको छ । सोही आधार एवम् मापदण्डमा टेकेर शास्त्री तहको संस्कृत व्याकरण विषयको पाठ्यक्रममा देखिएका पूर्णता/अपूर्णता केलाउने, पाठ्यक्रमनिर्दिष्ट शिक्षण विधिको उपयुक्तता केलाउने र प्रचलित मानकका आधारमा व्याकरण शिक्षणका अधुनातन विधिहरू निर्देश गर्ने काम यस शोधलेखमा गरिएको छ ।

## शोधविधि तथा सामग्री

यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्रीहरू लिइएका छन् । नेपाल संस्कृत विश्वविद्यालयका शास्त्री र आचार्य तहका विभिन्न कालखण्डका पाठ्यक्रम एवम् तत्सम्बद्ध पाठ्यपुस्तकहरू यस अध्ययनमा उपयोग गरिएका छन्। ती सामग्रीहरूको अध्ययन, विश्लेषण र अन्य पाठ्यक्रमसँग तिनको तुलना गरी निष्कर्ष निकालिएको छ, अतः यो अध्ययन मूलतः द्वितीयक र अंशतः प्राथमिक स्रोतीय सामग्रीमा आधारित गुणात्मक प्रकृतिको छ । सामग्री अध्ययन र विश्लेषणको विधि चाहिँ निगमनमूलक वर्णनात्मक र तुलनात्मक रहेको छ ।

## परिणाम तथा छलफल

### संस्कृत व्याकरण शिक्षणका विधिहरू

संस्कृत व्याकरण शिक्षणमा विगतदेखि वर्तमानसम्म अनेकौं विधिहरू प्रयोग हुँदै आएका छन् । तिनीहरूलाई अनेकौं कोणबाट विभिन्न प्रकारमा छुट्याएर अध्ययन गर्न सकिने भए पनि यस लघु लेखमा कालिक आधार प्रयोग गरी तिनीहरूलाई मूलतः प्राचीन र आधुनिक विधिमा निम्न अनुसार दुई प्रकारमा विभाजन गरिएको छ ।

#### *संस्कृत व्याकरण शिक्षणका प्राचीन विधिहरू*

संस्कृत व्याकरण शिक्षणका प्राचीन विधिभित्र पनि सूत्रविधि, पारायण विधि, निगमन विधि, व्याख्या विधि, व्याकरणानुवाद विधि, ग्रन्थ अध्यापन विधि, प्रवचन विधि, प्रश्नोत्तर विधि लगायतका दर्जनौं विधिहरू प्रचलित छन् । संस्कृत व्याकरण शिक्षणका सन्दर्भमा विगतमा ती विधि के कसरी प्रयोग भए भन्नेबारे यहाँ संक्षिप्त चर्चा गरिन्छ ।

*सूत्रविधि*- हरेक कुरालाई संक्षिप्त सूत्र बनाई घोकेर बुझ्ने, कण्ठस्थीकरण गर्ने विधि नै सूत्रविधि हो । यसको प्रयोग गरी बिन्दुमा सिन्धु अटाउन सकिन्छ । आचार्य पाणिनिले यही विधिअनुसार त्यतिबेला प्रचलित भाषिक नियमहरूलाई सूत्रमा निबद्ध गरेका हुन् । यसको प्रभाव ज्योतिष, धर्मशास्त्र आदिमा पनि देखिएको छ । हिजोआज पनि संस्कृत तथा नेपालीका कठिन र दुस्साध्य विषय यसै विधिबाट कण्ठस्थ गर्ने गरिएका छन् ।

**पारायणविधि -** प्रत्येक दिन बिहानै उठेर सूत्र, वृत्ति, भाष्य, श्लोक आदि पारायण/आवृत्ति गरी याद गर्ने विधि नै पारायण विधि हो । यसलाई आवृत्तिविधि पनि भनिन्छ । यसको प्रयोग गुरुकुलहरूमा र संमाविहरूमा परम्परादेखि हुँदै आएको छ । एकै पटकमा याद गर्न नसकिने संस्कृत व्याकरणका कठिन सूत्र, वृत्ति, फक्किका, वार्त्तिक र प्रक्रिया यसै विधिबाट सिकाउँदा कण्ठस्थ भई लामो समयसम्म याद भएका उदाहरण प्रशस्त पाइन्छन् । यद्यपि यो आधुनिक मनोवैज्ञानिहरूबाट आलोचित छ तथापि आर्जित ज्ञान चिरस्थायी बनाउन र धारणा स्थिर गर्नमा सफल रहेकाले संस्कृतका व्याकरण लगायतका क्षेत्रमा बहुत्र प्रयुक्त देखिन्छ ।

**निगमन विधि -** सूत्र वा नियम घोकाएर त्यसबाट उदाहरण सिकाउने विधि नै निगमन विधि हो । यसको मूल मर्म- नियमाद् उदाहरणं प्रति हो । उच्च कक्षाका विद्यार्थीमा व्याकरणका नियम सुन्ने र पढ्ने धैर्य आइ सक्ने भएकाले यो विधि ती कक्षाका लागि उपयोगी मानिएको छ । यसमा निम्न चार सोपानक्रम रहने कुरा केदारनाथ शर्माले *नेपाली भाषा र साहित्य शिक्षण* नाउँको पुस्तकमा यसरी उल्लेख गरेका छन् - नियमबोध, नियम स्पष्टीकरण, नियम परीक्षण, सत्यापन । यसमा निम्न क्रमबाट विषयबोध हुन्छ -

क) नियमाद् उदाहरणं प्रति,
ख) विशिष्टात् सामान्यं प्रति,
ग) सूक्ष्मात् स्थूलं प्रति,
घ) अमूर्तात् मूर्तं प्रति,
ङ) अज्ञाताद् ज्ञातं प्रति,

यो विधि कठिन, शास्त्रीय र बढी बोझिलो मानिएको भए पनि नेपालका शिक्षालयहरूमा संस्कृत व्याकरण अध्यापनका लागि सर्वाधिक प्रयोग हुने गरेको छ । अष्टाध्यायीका व्याख्याग्रन्थ सिद्धान्तकौमुदी, काशिका आदि यही विधिबाट पढाउने गरिएका छन् ।

**व्याख्याविधि -** व्याख्यानका प्रक्रिया- पदच्छेद, पदार्थ उपस्थापन, विग्रह, वाक्य नमिलेका ठाउँमा अन्वयद्वारा वाक्ययोजना/वाक्य मिलाउनु अनि प्रस्तावित विषयमाथि आक्षेपकर्ताहरूद्वारा आक्षेप लगाई समाधान गर्नु व्याख्याविधिका आधारभूत नियम हुन् । आचार्य पतञ्जलिले यही विधिको प्रयोग गरेर महाभाष्यको रचना गरेका हुन्। त्यसैको सिको उत्तरवर्त्ती व्याकरण ग्रन्थहरू- काशिका, मनोरमा, शेखर, कौमुदी आदिमा पनि गरिएको छ । संस्कृत व्याकरणमा मात्र नभएर काव्य र शास्त्रका व्याख्यानमा पनि यसको प्रयोग भई उपयोगी सिद्ध भएको छ । यसको प्रयोग संस्कृत व्याकरणका प्रक्रिया, फक्किका, वार्त्तिक, शङ्का, सूत्रार्थ आदिको शिक्षणदेखि सैद्धान्तिक विषयहरूको अवबोधनमा पनि हुने गरेको छ र यो अत्यन्तै प्रभावकारी पनि मानिएको छ । यसमा ६ तत्त्व रहन्छन् भनेर प्राचीन आचार्यहरूले निम्न अनुसार उल्लेख गरेका छन्-

पदच्छेदपदार्थोक्तिर्विग्रहो वाक्ययोजना ।
आक्षेपोऽथ समाधानं व्याख्यानं षड्विधं मतम् ॥

यसरी व्याख्याविधिबाट संस्कृत व्याकरणका प्रक्रियाग्रन्थ र समालोचनाग्रन्थ सफलतासाथ व्याख्या गरिएको छ ।

**व्याकरणानुवाद विधि -** एउटा भाषाका संरचनालाई अर्कोमा अनुवाद गरेर एक आपसमा तुलना गरी भाषिक र व्याकरणिक नियम सिकाउन यस विधिको प्रयोग गर्ने गरिएको छ । भारतका रामकृष्ण गोपाल भण्डारकले यसको प्रयोग गरेकाले यसलाई भण्डारक विधि पनि भन्ने गरिएको छ । उनले भाषान्तरका माध्यमबाट तुलनीय भाषाका व्याकरणिक नियम सिकाउनमा यस विधिको प्रयोग सफल हुने/भएको दाबी गरेका छन् तसर्थ यो विधि भारतमा प्रयोग हुने गरेको छ भनेर बुझ्न सकिन्छ ।

***प्रवचन विधि-*** प्रवचन शब्दले एकोहोरो व्याख्यान-विश्लेषणलाई संकेत गर्दछ । श्रोता वा ग्रहीतासँग प्रश्नोत्तर नगरी व्याख्याताबाट गरिएको एकोहोरो विषयव्याख्या प्रवचन हो । यसलाई संस्कृत आचार्यहरूले विषय व्याख्यानको मुख्य प्रक्रिया मानेका छन् । उपनिषद्, आरण्यक, पुराण आदिबाट आएको प्रवचनको यस पद्धतिलाई संस्कृत *व्याकरणशास्त्रका सैद्धान्तिक र समालोचना ग्रन्थहरूको प्रणयनमा पनि प्रयोग गरिएको देखिन्छ । संस्कृतका दार्शनिक* ग्रन्थहरू भूषणसार, मञ्जूषा, वाक्यपदीयम्, महाभाष्य आदि ग्रन्थ शिष्यलाई पढाउँदा पढाउँदै आचार्यहरूबाट रचिएका मानिएका छन् । महाभाष्यकार पतञ्जलिले एक दिन (अन्हमा) पढाएका विषयलाई एक आन्हिक (अह्ना निर्वृत्तम् आहिनकम्) मा समावेश गरेर एक खण्ड बनाएका छन् । त्यस्ता आन्हिकहरूको संख्या १०० रहेको छ, अर्थात् महाभाष्यग्रन्थ आचार्य पतञ्जलिले आफ्ना शिष्यहरूलाई १०० दिनसम्म प्रवचन गरेका रचनाहरूको संकलन मानिएको छ । त्यस्तै संस्कृत व्याकरणका मनोरमा, शेखर, काशिका आदि समालोचनाग्रन्थ पनि प्रवचन विधिबाट रचिई त्यही विधिबाट पढाइँदै आएका छन् । यद्यपि यी ग्रन्थहरूको शिक्षणमा प्रवचनका अतिरिक्त व्याख्याविश्लेषण, प्रश्नोत्तर आदि विधि पनि प्रयोग नभएका चाहिँ होइनन् तर पनि प्रवचन विधि मुख्य विधिकै रूपमा संस्कृत व्याकरण शिक्षणमा व्यवहारतः प्रयुक्त हुँदै आएको देखिन्छ ।

**प्रश्नोत्तर विधि-** पातञ्जल महाभाष्यमा अन्य विधिका साथ प्रश्नोत्तर विधिको पनि प्रयोग भएको देखिन्छ । महाभाष्यको प्रथम आन्हिकमा- व्याकरण शब्दबाट लक्ष्य (रूप) बुझिन्छ कि लक्षण (सूत्र) भन्ने विषय उठान गर्ने सन्दर्भमा आचार्य पतञ्जलिले- व्याकरणमित्यस्य शब्दस्य कः पदार्थः ? भनी विभिन्न सम्भावित उत्तर बताई पुनः- किं शब्दः व्याकरणम् ? उत अर्थः ? ... (पतञ्जलिः, १९९५ : ४०) भनी प्रश्न गर्दै सम्भावित उत्तरहरू दिँदै गएका

छन् र अन्त्यमा विषयव्याख्या पछि उत्तरपक्षीय समाधान प्रस्तुत गरेका छन् । यहाँ विषयव्याख्याताले समाधान भाष्य उल्लेख गर्नुपूर्व प्रश्नोत्तरात्मक शिक्षणविधिको प्रयोग गरेका छन् । यसलाई महाभाष्य, प्रक्रियाग्रन्थ र अरु पनि ग्रन्थ पढाउँदा प्रयोग गर्न सकिने/गरिँदै आएको हुँनाले यसलाई यहाँ परम्पराप्रचलित शास्त्रीय विधिका रूपमा उल्लेख गरिएको छ ।

**संस्कृत व्याकरण शिक्षणका आधुनिक विधिहरू -** भाषा र व्याकरण शिक्षणका सन्दर्भमा अधुनातन/आधुनिक विधि भन्नासाथ प्रयोगबहुल, कार्यमूलक, व्यावहारिक, सम्प्रेषणीय, विद्यार्थीकेन्द्रित, वर्णनात्मक, पाठ्यपुस्तक केन्द्रित, भाषासंसर्ग आदि विधि र पद्धति बुझ्ने गरिन्छ । प्राचीन विधि शास्त्रीय, नियमकेन्द्रित, व्याकरणको पृथक् अध्ययनमा आधारित, पारायणप्रधान एवम् सूत्रात्मक थिए भने त्यस विपरीत अधुनातन विधिहरू चाहिं प्रयोजनपरक अध्ययनमा आधारित, प्रयोगप्रधान र पाठ एवम् व्याकरणको एकीकृत अध्ययनमा केन्द्रित देखिन्छन् । यहाँ त्यस्ता केही आधुनिक विधिबारे संक्षिप्त चर्चा गरिन्छ ।

***अव्याकृत/भाषासंसर्ग विधि* -** भाषा सिकाउँदा सिकाउँदै सिकारुले थाहै नपाई व्याकरणका नियम सिक्ने/सिकाउने विधि भाषासंसर्ग विधि हो । यसलाई अव्याकृत विधि पनि भन्ने गरिएको छ । अपठित नरनारी, बालक र वृद्धले केही नपढीकन पनि भाषाका माध्यमबाट व्याकरणका लिङ्ग, वचन, पुरुष, आदर आदि सजिलै जानेझैं संस्कृत भाषा पनि बोल्न सिकाएर, त्यसको अभ्यास गराएर त्यसबाटै व्याकरण पढाउने प्रक्रिया नै भाषासंसर्ग हो । संस्कृत शिक्षालयहरूमा यसको प्रयोग खासै नदेखिए पनि लोकभाषा प्रचारिणी समिति, जयतु संस्कृतम् लगायतका संस्कृत भाषा सिकाउने विभिन्न संस्थाहरूमा यसको सफलतापूर्वक प्रयोग भएको देखिन्छ । यसबाट सिकारुले व्याकरणका नियम नजाने पनि भाषाप्रयोगमा दक्षता हाँसिल गरेका छन् ।

**पाठ्यपुस्तक विधि-** भाषाका पाठ्यपुस्तकमै व्याकरणका नियमहरू पनि समाविष्ट गरी प्रसङ्ग र स्तर अनुसार पाठसँगसँगै व्याकरण सिकाउने विधि नै पाठ्यपुस्तक विधि हो । नेपालमा खासगरी नेपाली, अङ्ग्रेजी लगायतका भाषाका व्याकरण सिकाउनमा यसको प्रयोग हुने गरेको छ । यसकै प्रभावबाट विद्यालय तहका संस्कृत भाषाका पाठ्यपुस्तकमा पनि यस विधिको आंशिक प्रयोग देखिन्छ । त्यहाँ व्याकरण विषयका कतिपय पाठ्यवस्तुलाई पुस्तक/ग्रन्थबाट छानेर पाठ्यपुस्तक बनाई विद्यालय तहमा निर्धारण गरिएको छ । यस विधिबाट शिक्षण गरी संस्कृत व्याकरणका सामान्य नियम र प्रक्रियामा चञ्चुप्रवेश गर्न सकिन्छ ।

**आगमन विधि-** उदाहरणबाट नियमको बोध गराउने विधि (उदाहरणाद् नियमं प्रति) लाई आगमन विधि भन्ने गरिन्छ । यसको अध्ययनक्रम ज्ञातबाट अज्ञाततर्फ, सामान्यबाट विशिष्टतर्फ, स्थूलबाट सूक्ष्मतर्फ, मूर्तबाट अमूर्ततर्फ रहेको छ । यो विधि आधुनिक मनोवैज्ञानिक सिद्धान्त अनुकूल मानिएको छ । साथै व्याकरण शिक्षणमा यो आधुनिक शिक्षाविद्हरूबाट उत्तम मानी सिफारिस  समेत गरिएको छ । अझ तल्ला कक्षाहरूमा व्याकरण सिकाउँदा यो विधि बढी उपयोगी हुने देखिन्छ । शिक्षकलाई बढी श्रम पर्ने भए पनि यसबाट विद्यार्थी बढी लाभान्वित हुने देखिन्छन् तर पनि संस्कृत व्याकरण शिक्षणमा यसको प्रयोग बिरलै हुने गरेको छ । विद्यालय तहका व्याकरणका पाठ्यपुस्तक पढाउन यसको प्रयोग गर्नू भनी सिफारिस गरिएको भए पनि शिक्षण सिकाइमा भने यसको प्रयोग कमै भएको देखिन्छ ।

**प्रदर्शन विधि-** शैक्षणिक सामग्रीसहित व्याख्या र प्रश्नोत्तरका माध्यमबाट पढाउने प्रक्रिया प्रदर्शन विधि हो । यस विधिलाई व्यावहारिक र प्रयोगात्मक मानिएको छ । यद्यपि यो सामग्रीप्रधान हुने भएकाले यसमा अन्य विषयप्रधान विधिहरू पनि अपेक्षित हुन्छन् तर पनि सामग्री प्रदर्शनलाई मुख्य मानेर यसलाई प्रदर्शन विधि भनिएको हो । बन्दाबन्दीका समयमा जयतु संस्कृतम्द्वारा १५ दिने संस्कृत भाषा प्रशिक्षण गराइँदा यस विधिको प्रयोग गरी

सञ्चालित कक्षाहरू सम्प्रेषणीय र प्रशंसित मानिएका छन् । अतः प्राथमिक स्तरमा संस्कृत भाषा र व्याकरण सिकाउनमा यो विधि उपयोगी हुने देखिएको छ । (प्रदर्शन विधिबारे विस्तृत चर्चा प्रस्तावित विधि शीर्षकमा गरिएको छ)

माथि उल्लेख भएका भाषासंसर्ग, पाठ्यपुस्तक र आगमन विधि नेपाली, अङ्ग्रेजी आदि भाषाका व्याकरणको शिक्षणमा प्रयोग भए पनि संस्कृत व्याकरणको शिक्षणमा भने कमै प्रयोग भएका पाइन्छन् ।

**संस्कृत व्याकरण शिक्षणका लागि केही विधिहरूको प्रस्ताव**

संस्कृत व्याकरण शिक्षणका सन्दर्भमा अनेकौं विधिहरू प्रस्तावित गर्न सकिने भए पनि नेपालका संस्कृत शिक्षालयहरूका लागि तपसिलका केही अधुनातन विधिहरू प्रस्तावित गरिएका छन्-

**प्रदर्शन विधि -** पाठ्यवस्तुलाई टाइप गरेर, फोटो खिचेर, त्यसको भिडियो आदि सामग्री ओभरहेड प्रोजेक्टर वा इन्ट्रोडक्टिभ बोर्डमार्फत प्रदर्शन गरी पढाउने विधिलाई यहाँ प्रदर्शन विधि भनिएको छ । प्रदर्शन विधिमा प्रथमतः शिक्षक वा प्राध्यापकलाई दक्ष बनाउनु पर्दछ । त्यसका लागि न्यूनतम १५ दिनको उपकरण अभिमुखीकरण कार्यशाला गराउनु पर्दछ । कक्षाका लागि उल्लिखित उपकरणको व्यवस्था सम्बद्ध शिक्षणसंस्थाबाट हुनु वाञ्छनीय हुन्छ । शिक्षकले उपकरण तालिम पाएपछि पढाउँदा प्रथमतः संस्कृतका कठिन पङ्क्ति उच्चारण, त्यसपछि पदच्छेद, त्यसपछि सामान्य अर्थबोध अनि प्रासङ्गिक अर्थ/तात्पर्यबोध गरी/गराई सिकारुलाई सजिलै बुझाउन सक्छन् । यसमा सिकारुको सिकाइ सहज र प्राप्त ज्ञान चिरस्थायी हुन्छ । नयाँ पुस्ताको प्रविधितर्फ रुचि पनि रहेकाले उसले कठिन विषयलाई पनि चाख दिएर सुनी ग्रहण गर्दछ । यस विधिअनुसार निम्न किसिमबाट शिक्षण गर्न सकिन्छ ।

क) पाठ्यसामग्री : माहेश्वर सूत्रहरू (अइउण् ऋलृक्...) को शिक्षण ।

ख) पाठ्यवस्तु - माहेश्वर सूत्रहरूको उच्चारण शिक्षण ।

ग) उद्देश्य : माहेश्वर सूत्रहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न समर्थ हुनु,

घ) कार्यकलाप

- अ) सर्वप्रथम शिक्षकले माहेश्वर सूत्रलाई प्रोजेक्टरमा प्रदर्शन गर्ने,
- आ) माहेश्वर सूत्रको उत्पत्ति सम्बन्धी कथा भनेर विद्यार्थीलाई आकर्षित गर्ने,
- इ) माहेश्वर सूत्रमै संस्कृत स्वर तथा व्यञ्जन अटाएको स्पष्ट पार्ने,
- ई) प्रदर्शित माहेश्वर सूत्रहरूलाई सुरुमा शिक्षकले ढिलो, शुद्ध र स्पष्ट उच्चारण गर्ने,
- उ) शिक्षकसँगै विद्यार्थीलाई पनि समूहमा उच्चारण गर्न लगाउने,
- ए) विद्यार्थीले माहेश्वर सूत्र उच्चारण गर्न सक्छन्/सक्दैनन् भनी परीक्षण गर्न एक-दुई जना विद्यार्थीलाई उच्चारण गर्न लगाउने,
- ऐ) निर्धारित पाठ्यवस्तु सम्बन्धी गुगल/युट्युब वा अन्य साइटका सम्बद्ध श्रव्य/दृश्य/पाठ्य सामग्री प्रदर्शन गरी सहजीकरण गर्ने,
- ओ) अन्त्यमा पुनः एक-एक गरी उच्चारण गर्न लगाई परीक्षण गर्ने,

ङ) माहेश्वर सूत्रहरू

अइउण् ऋलृक् एओङ् ऐऔच् हयवरट् लण् ञमङणनम् झभञ् घढधष् जबगडदश् खफछठथचटतव् कपय् शषसर् हल् ।

च) माहेश्वर सूत्रको उच्चारण सिकाउने भिडियोहरू




***आगमन-निगमन (मिश्रित) विधि-*** आधुनिक शिक्षाविद्‌हरूले आगमन र निगमनको संयोजन गरी यस मिश्रित विधिको निर्माण गरेर आधुनिक विधिहरूको दर्जामा समावेश गरेका छन् । तसर्थ यसमा आगमन तथा निगमनका दुवै प्रक्रिया अपनाई शिक्षण गरिन्छ । त्यस क्रममा सर्वप्रथम आगमन र त्यसपछि निगमन विधिको प्रयोग गर्ने गरिन्छ अर्थात् उदाहरणबाट नियम स्पष्ट पारेपछि पुनः नियमबाट उदाहरण स्पष्ट पार्ने काम गरिन्छ । यसरी पढाउँदा विद्यार्थीले सजिलै विषय बुझ्ने भएकाले यो प्रभावकारी मानिएको छ तर बहुश्रमसाध्य भनी बहुशः शिक्षकहरूबाट यसको प्रयोगमा झिँजो मान्ने गरिएको छ । यसबाट प्राप्त ज्ञान चिरस्थायी भएको पाइएको छ । यस्तो सिकाइ प्रक्रिया व्यावहारिक र उपयोगी देखिएकाले भाषा र व्याकरण शिक्षणमा यसलाई उत्कृष्ट मान्न सकिन्छ । पाणिनीय प्रक्रिया शिक्षणमा यस्तो मिश्रित विधि सम्प्रेषणीय मानिएको छ, साथै परिभाषा, सिद्धान्त र समालोचनाको शिक्षणमा पनि यो लाभदायी भएको पाइएको छ । यस विधिबाट अष्टाध्यायीको *इको यणचि* सूत्र पढाउने तरिका हेरौं-

आगमन विधिबाट शिक्षण

क) पाठ्यसूत्र - इको यणचि

ख) पाठ्यवस्तु- यण्सन्धि प्रक्रिया शिक्षण ।

ग) उद्देश्य - यण्सन्धिका प्रक्रिया बुझ्न समर्थ हुनु,

ग) उदाहरण-

- अति + अन्त = अत्यन्त ।
- अति + आवश्यक = अत्यावश्यक ।
- ठुली +आमा = ठुल्यामा ।
- सुधी + उपास्यः = सुध्युपास्यः ।
- प्रति + एक = प्रत्येक ।

घ) नियमबोध

- पछाडि स्वरवर्ण भए अगाडिको इ/ई य् मा बदलिन्छ,
- इ/ईका ठाउँमा आदिष्ट य् पछाडिको स्वर अनुसार बदलिन्छ, जस्तै- य् + अ = य, य्+ आ = या, य् + उ = यु, य् + ए= ये ।

**निगमन विधिबाट शिक्षण**

च) नियमबोध - इ/ई वर्णको यण् हुँदा य् हुन्छ पछाडि स्वर वर्ण छ भने ।

छ) उदाहरणसङ्गति

- अति + अन्त = अत्यन्त ।
- अति + आवश्यक = अत्यावश्यक ।

- सुधी + उपास्यः = सुध्युपास्यः ।
- प्रति + एक = प्रत्येक ।

**आगमन तथा निगमनबाट विषयबोध**

अ) यसरी दुवै प्रक्रियाबाट रूपसाधन प्रक्रिया शिक्षण गर्दा विषय सम्प्रेषणीय हुन्छ ।

आ) यसरी शिक्षण गर्दा शिक्षक बढी सक्रिय हुनुपर्दछ तर बोध सहज हुन्छ ।

इ) रूपसाधन प्रक्रिया र सिद्धान्तसमीक्षा दुवै पाठ्यवस्तु यसरी शिक्षण गर्न सकिन्छ ।

**व्याख्याविश्लेषण विधि -** व्याख्या विधिको प्रयोग आचार्य पतञ्जलिले महाभाष्यमा गरेका छन् । महाभाष्य ग्रन्थको आरम्भमा उनले गौरित्यत्र कः शब्दः ? (गौ मा शब्दतत्त्व कुन हो ?) भन्ने प्रश्नवाक्यको व्याख्या गर्दा उक्त विधिको प्रयोग गरेर पदच्छेद, पदार्थोक्ति, वाक्ययोजना, आपेक्ष तथा समाधान प्रस्तुत गरी निष्कर्ष (येनोच्चारितेन सास्नालाङ्गूलककुदखुरविषाणिनां सम्प्रत्ययो भवति स अर्थस्फोटको गौः शब्दः) निकालेका छन् । यसरी आचार्य पतञ्जलिबाट सुरु गरिएको व्याख्याविधिमा विश्लेषणसमेत थपेर आधुनिक शिक्षाविद्हरूले व्याख्याविश्लेषण विधिको परिकल्पना गरेका हुन् । तसर्थ यस विधिको प्रयोग गरी पाठ्यवस्तुको व्याख्यामात्र होइन, त्यसमाथि मतमतान्तर प्रस्तुत गर्न, टिप्पणी गर्न, त्यसका पक्ष र विपक्षमा चर्चा गर्न र अरु पनि यस्तै विश्लेषणीय सामग्रीलाई व्याख्या विश्लेषण गर्न सकिन्छ । यस विधिबाट संस्कृत व्याकरणका समालोचना ग्रन्थका साथै सिद्धान्तग्रन्थ र प्रक्रियासमेत शिक्षण गर्न सकिन्छ । यसमा सूत्रको पदच्छेद, सूत्रवृत्ति एवम् सूत्रार्थ उल्लेख गरी सूत्रार्थ/रूपसाधन प्रक्रिया पढाए पछि त्यस विषयमा उठेका शंकालाई समाधान गरिन्छ । यसै क्रममा प्रत्युदाहरणबाट सूत्रार्थ बोध, कतिपय ठाउँमा फक्किका व्याख्या, शङ्कासमाधान पनि गर्न सकिन्छ । अष्टाध्यायीको एउटा सूत्र *ससजुषो रुः* लाई यस विधिबाट निम्न अनुसार पढाउन सकिन्छ ।

क) पठ्यवस्तु- ससजुषो रुः सूत्रको वाक्यार्थबोध ।

ख) उद्देश्य-

अ) पाणिनीय सूत्र ससजुषो रुः को अर्थ बुझ्नमा समर्थ हुनु,

आ) उक्त सूत्रका उदाहरण र प्रत्युदाहरण बुझ्न समर्थ हुनु,

इ) उक्त सूत्र/नियमका अव्याप्ति अतिव्याप्ति दोष बुझ्न समर्थ हुनु,

ग) कार्यकलाप -

- उक्त सूत्र प्रोजेक्टरमा देखाउनु र यसबारे सामान्य परिचय दिनु,
- यो पाणिनीय सूत्र हो र यसले रुत्व गर्छ भनेर जानकारी दिनु,
- उक्त सूत्रलाई पदच्छेद, विग्रह, पदार्थोक्ति, वाक्ययोजना, शङ्का एवम् समाधानसहित व्याख्या गर्नु,
- यहाँ प्रदर्शन विधिसमेत प्रयोग गरी उक्त सूत्रको व्याख्या भएका कौमुदी, काशिका, प्रौढमनोरमा, शेखर आदिका यथासम्भव र विद्यार्थीको स्तर अनुकूल हुने गरी प्रदर्शनीय सामग्री देखाएर सूत्रार्थ स्पष्ट पार्नु,
- तुलना विधिको प्रयोग गरी कौमुदी, काशिका, शेखर आदिमा भएका उक्त सूत्रका व्याख्यालाई प्रोजेक्टर मार्फत देखाई अर्थ, उदाहरण, प्रत्युदाहरण, शङ्का आदि स्पष्ट पार्नु,

घ) नमुना

- पदच्छेद- सस्य सजूषः रुः ।

- विग्रह- सश्च सजूषश्च ससजुषौ तयोरिति विग्रहः । अत्र इतरेतरयोगो द्वन्द्वः ।
- पदार्थोक्ति- सस्य सजूषश्च रुः स्यात् ।
- वाक्ययोजन अत्र पदस्य (पा.सू. ८-१-१६) इति सूत्रात् पदं आनीयते, तथैव येन विधिस्तदन्तस्य (पा.सू. १-१-७२) सूत्रात् तदन्तविधिरानीयते । तथैव सूत्रेऽस्मिन् षष्ठयन्तपदप्रयोगात् अलोऽन्त्यस्य (पा.सू. १-१-५२) इति सूत्रनियमेन अन्त्यस्य स्थाने आदेशो विधीयते । अनेन प्रकारेण वाक्ययोजनेन- पदान्तस्य सस्य सजूष्शब्दस्य च रुः स्यादित्यर्थः निष्पद्यते । अत्र ससजुषौ इति विशेषणम् । पदस्येति विशेष्यम् । विशेषणे च तदन्तविधिः अतः सूत्रार्थः- सकारान्तस्य सजूषान्तस्य च पदस्य रुः स्यादिति भवति ।
- आक्षेपः - शिवस् रामस् इत्यादौ पदान्तस्य झलः सकारस्य झलां जशोऽन्ते (पा.सू. ८-२-३९) इति जश्त्वे कृते स्थानसाम्येन दकारः कथं न विधीयते इति आक्षेपः/शङ्का ।
- समाधानम् - जश्त्वशास्त्रस्य अपेक्षया रुत्वशास्त्र (ससजुषो रुः पा.सू. ८-२-६६) इत्यस्य निरवकाशत्वेन अपवादत्वाद् बलवत्वेन जश्वबाधेन रुत्वमिति समाधानम् ।

संस्कृत व्याकरण शिक्षणका यी आधुनिक र प्रस्तावित विधिबाहेक कार्यमूलक व्याकरण शिक्षणविधि, सम्प्रेषणविधि, वर्णनात्मक र उत्पादनात्मक विधि लगायतका अरु पनि विधिहरू प्रसिद्ध छन् तर तिनीहरू सबैले भाषालाई र प्रयोगलाई केन्द्र मानेर अप्रत्यक्षतः व्याकरण पढाउने उद्देश्य राखेका छन् । संस्कृतको प्रकृति र यहाँको अपेक्षा भने त्यसविपरीत व्याकरण शास्त्रकै प्रक्रियाग्रन्थ र गूढतम सिद्धान्त-समालोचना पढाउने/बुझाउने अनि भाषा तथा व्याकरणमा पारङ्गत बनाउने देखिन्छ । तसर्थ अन्य आधुनिक विधिहरू यसका लागि त्यति उपयोगी हुन सकेका देखिँदैनन् ।

**निष्कर्ष र उपलब्धि**

माथिको अध्ययन, विश्लेषण र अनुसन्धानबाट निम्न निष्कर्ष र उपलब्धि प्राप्त भएका छन् :

१. एउटै पाठ्यवस्तु पनि भिन्नभिन्न विधिबाट पढाइँदा अपेक्षित उपलब्धि/उद्देश्य हाँसिल नहुन पनि सक्ने भएकाले विद्यालय र विश्वविद्यालयबाट निर्धारणीय पाठ्यक्रममा शिक्षणविधि र प्रक्रिया स्पष्टसँग उल्लेख गरिनुपर्दछ । एकभन्दा धेरै शिक्षण विधि सिफारिस गर्नु पर्ने देखिएमा मुख्य विधि र सहायक विधि प्रस्ताव गर्न सकिन्छ ।

२. संस्कृत व्याकरण अध्यापनमा प्राचीनकालदेखि व्यवहारतः प्रयोग हुँदै आएका निगमन, सूत्र, पारायण, प्रवचन, प्रश्नोत्तर लगायतका विधिहरूलाई आधुनिक शिक्षाविद्हरूद्वारा सिफारिस नगरिएकाले व्याकरण शिक्षणमा तिनीहरूलाई सहायक विधिका रूपमा मात्र स्विकारिनु पर्दछ ।

३. संस्कृत व्याकरणमा प्रक्रियामूलक र सिद्धान्त समालोचनामूलक पाठ्यसामग्री रहेकाले तिनीहरूलाई छुट्टाछुट्टै शिक्षणविधि र प्रक्रियाबाट पढाउन पाठ्यक्रममले निर्देश गर्नुपर्दछ । प्रक्रियाशिक्षणमा आगमन-निगमन, छलफल र प्रश्नोत्तर तथा सिद्धान्तसमालोचना शिक्षणमा व्याख्याविश्लेषण विधिलाई मुख्य विधिका रूपमा प्रयोग गर्न सकिन्छ भनी यस अनुसन्धानबाट प्रस्ताव गरिएको छ । अन्य परम्परित उपयोगी विधिहरूलाई सहायक विधिका रूपमा प्रयोग गर्न सकिन्छ ।

४. संस्कृत भाषा सिकाउने प्रारम्भिक पाठ्यसामग्री शिक्षण गर्दा प्रदर्शन विधिको प्रयोग गर्न सकिन्छ । यस विधिबाट सामग्री प्रस्तुत गरेपछि छलफल र प्रश्नोत्तर विधिबाट विषयव्याख्या/बोध गराउन सकिन्छ ।

५. भाषासंसर्ग, पाठ्यपुस्तक लगायतका विधिहरू आधुनिक भए पनि ती चाहिँ संस्कृत भाषाको शिक्षणमा बढी उपयोगी हुने देखिन्छन् । संस्कृत व्याकरण शिक्षणको उद्देश्य चाहिं भाषाका साथै विषयमा पारङ्गत बनाउने रहेकाले भाषाशिक्षणलाई साध्य मान्ने त्यस्ता विधि यहाँ कम उपयोगी हुने देखिन्छन् ।

६. नेपाल संस्कृत विश्वविद्यालय एवम् सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका शास्त्री तथा आचार्य तहका व्याकरण विषयका वर्तमान पाठ्यक्रम शैक्षणिक क्रियाकलाप, विधिनिर्देश, उद्देश्य निर्धारण आदि पाठ्क्रमका अङ्गको प्रयोगका दृष्टिले अपूर्ण र कमजोर रहेकाले आगामी दिनमा पाठ्यक्रम निर्धारण गर्दा शिक्षाशास्त्रमा विज्ञता हाँसिल गरेका व्यक्तिहरूको संलग्नता अनिवार्य गरिनु पर्दछ ।

**सन्दर्भसामग्री**

....., (२०५५), *आचार्यप्रथमखण्डस्य पाठ्यक्रम,* महेन्द्रसंस्कृत विश्वविद्यालय ।

....., (२०५६), *आचार्यद्वितीयखण्डस्य पाठ्यक्रम,* महेन्द्रसंस्कृत विश्वविद्यालय ।

....., (२०५७), *शास्त्रीस्तरीयः परिमार्जित पाठ्यक्रम,* महेन्द्रसंस्कृत विश्वविद्यालय ।

....., (२०७८), *शास्त्रीस्तरीयः पाठ्यक्रमः (प्रथमखण्डः),* नेपालसंस्कृत विश्वविद्यालय ।

....., (२०७९), *शास्त्रीस्तरीयः पाठ्यक्रमः (द्वितीय खण्डः),* नेपालसंस्कृत विश्वविद्यालय ।

चौधरी, अनुराधा, (१ अप्रिल २०१५), *माहेश्वर सूत्राणि* (शिक्षण भिडियो)। https://youtu.be/MQO0BL6u7gc.

ढुङ्गेल, भोजराज र अन्य, (२०६९), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति,* एम.के. पब्लिसर्स ।

नागेश, (२०१०), *लघुशब्देन्दुशेखरः,* बनारस संस्कृत सिरिज ।

नागेश, (ई. १९९८), *परमलघुमञ्जूषा,* चौखम्बा सुरभारती प्रकाशन ।

पतञ्जलि, (व्या.चारुदेव शास्त्री) (ई. १९९५), *व्याकरण महाभाष्य,* मोतीलाल बनारसी दास ।

पौडेल, माधवप्रसाद, (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षणपद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

विभ्रान्तरुद्र, (५ अप्रिल २०२२), *वेदध्वनि एवम् महेश्वर सूत्रोच्चारण ।* https://youtu.be/jcr5FTXEjoQ.

शर्मा, केदारनाथ तथा अन्य, (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स ।

शास्त्री, भीमसेनः (व्या.), (ई.१९९३), *लघुसिद्धान्तकौमुदी* (वरदराज विरचिता), भैमी प्रकाशन ।

सरस्वती, प्रणवानन्द, (२९ अगस्त २०२१), *माहेश्वरसूत्राणि* (विलम्बित उच्चारण), https://youtu.be/skVjO6oSR2M.